REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 16.12.2024

---

*CM*

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज खाम्दोङ सिङ्गताम समस्टि अन्तर्गत साङराब्दाङमा महकुमा कार्यालयको उद्घाटन गर्नुभयो ।

नयाँ कार्यालयले प्रशासनिक क्रियाकलापहरूका लागि महत्वपूर्ण केन्द्रको रूपमा कार्य गर्नेछ ।

यसद्वारा क्षेत्रको प्रगति र विकासमा टेवा पुग्नेछ ।

आफ्नो वक्तव्यमा मुख्यमन्त्रीले भन्नुभयो सबै क्षेत्रको समग्र विकासका लागि राज्य सरकार प्रतिवध्द छ।

उहाँकले भन्नुभयो सड़क, पुल, शैक्षिक संस्थान, स्वास्थ्यरक्षा सुविधा र प्रशासनिक केन्द्र जस्ता आवश्यक पूर्वाधारको विकासलाई प्राथमिकता दिएर ढिगो विकासमाथि ध्यान दिइनेछ ।

---

*Workshop Sowa Rigpa*

केन्द्र सरकारका आयुष मन्त्रालय अधिन एउटा स्वायत्र संस्थान लेहको रास्ट्रिय सोवा रिग्पा संस्थानले रास्ट्रिय तिब्बतीविज्ञान संस्थान गान्तोकसित मिलेर पूर्वोत्तर क्षेत्रका पारम्परिक औषधी तथा जड़ीबुटीहरूमाथि तीनदिने लामो कार्यशाला आयोजन गरिरहेछ ।

रास्ट्रिय सोवा रिग्पा संस्थान लेहका निदेशक डा. पदमा गुरर्मितले आज यसको उद्घाटन गर्नुभयो ।

उहाँले सिक्किम र अन्य पूर्वोत्तर क्षेत्रमा सोवा रिग्पाको संरक्षण र प्रवध्र्दनका लागि संस्थानको तर्फवाट पूर्ण सहयोग गर्ने आश्वासन दिनुभएको छ ।

यसमा सोवा रिग्पा विशेषज्ञहरूले पारम्परिक औषधी, जन स्वास्थ्य, महत्वपूर्ण जड़ीबुटी र यसको संरक्षणवारे प्रकाशपारे ।

कार्यशालामा पूर्वोत्तर क्षेत्रका विभिन्न ठाउँवाट एक सय भन्दा धेरै सहभागीहरूको उपस्थिती थियो ।

---

## *E. office training*

मंगन जिल्लाले आज सरकार कामकाजमा कुशलता पारदर्शिता र जवाबदेही बढ़ाउने एउटा पहल अन्तर्गत e-office को कार्यान्वयनमाथि व्यापक प्रशिक्षण कार्यक्रम आयोजन गरयो ।

मंगन जिल्लाधीश कार्यालयमा आयोजित प्रशिक्षणमा जिल्ला प्रशासनिक केन्द्र र महकुमाहरूका अधिकारीहरू सहभागी बने कार्यक्रममा प्रशासनिक प्रक्रियालाई सहज बनाउन डिजिटल समाधानको महत्वमाथि जोड़ दिइयो ।

सहभागीहरूलाई बाधारहित फाइल प्रवन्धन, tracking र कार्यप्रवाह स्वचालनमा सुविधा पुर्‍याउने e-office platform का लाभहरूवारे जानकारी दिइयो ।

---

## *Training ICAR-KVK*

पूर्व सिक्किमको भारतीय कृषि अनुसन्धान परिषद ICAR कृषि विज्ञान नयाँ दिल्लीको एउटा संस्थानसित मिलेर गत शनिवार रानीपूलमा जैविक कीटनाशकको सुरक्षित र उपयुक्त प्रयोगमाथि प्रशिक्षण तथा जागरूकता कार्यक्रम आयोजित गरयो ।

यसमा विभिन्न गाउँवाट लगभग दुईसय पचासजना कृषकहरू सहभागी बने ।

जैविक खेतीको स्तर बनाइराख्ने राज्यको लक्ष्य अनुरूप जैविक कीटनाशकहरूको सुरक्षित प्रभाववारे कृषकहरूलाई अवगत गराउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो ।

---

## *Karate*

नयाँ दिल्लीको तालकटोरा इन्दोर स्टेडियममा हिजो सम्पन्न भएको अखिल भारतीय सब जुनियक कराते च्याम्पियनशीपमा सिक्किमकी कृतिका तिमसिनाले कास्य पदक प्राप्त गरिन् ।

दक्षिण सिक्किमको याङ्याङ निवासी दस वर्षिय खेलाड़ी कृतिकालाई कुमिटि प्रतिस्पर्धामा कास्य पदक हासिल भयो ।

सिक्किम राज्य कराते डो संघको टोलीले रास्ट्र स्तरीय कराते च्याम्पियनशीपमा राज्यको प्रतिनिधित्व गरेको थियो ।

---

## Badminton

बंगलुरूमा आयोजित हुने सिनियर नेशनल ब्याडमिन्टन च्याम्पियनशीप 2024 मा सिक्किम राज्य ब्याडमिन्टन टीमले पनि भाग लिने भएको छ ।

भारतीय ब्याडमिन्टन संङ्द्वारा आयोजन गरिने सप्ताहव्यापी टुर्नामेण्ट आउँदो बुधवारदेखि शुरू हुनेछ ।

सिक्किम ब्याडमिन्टन संघ सूत्र अनुसार राज्य स्तरीय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने राज्यका शीर्ष खेलाड़ीहरूले प्रतिस्थित च्याम्पियनशीपमा सिक्किमको प्रतिनिधित्व गर्नेछन् ।

---

## Under 17 Football

गान्तोकको पाल्जोर स्टेडियममा भइरहेको सिक्किम राइजिङ स्टार two point zero under-17 फुटबल खेल अन्तर्गत आज दुइवटा म्याचहरू भए ।

ठिटाहरूको वर्गमा Gangtok Himalayan Sporting क्लबले छुजाचेन स्पोर्टर्स एकाडमीलाई एकको विरूध्द तीन गोलले परास्त गरयो ।

यसै गरी ठिटीहरूमा युनाइटेड बोझोघारी स्पोटर्स क्लबले पाक्योङ्ग युनाइटेडलाई पाँच गोलले हरायो ।

पराजित टीमले एउटै गोल पनि गर्न सकेन ।

उता नाम्चीको भाइचुङ स्टेडियममा आज म्याच भएन र भोलि पनि हुनेछैन ।

सेनाद्वाराको तत्वावधानमा यसै महीना बाह्र तारीकदेखि आरम्भ गरिएको यो फुटबल उत्सव आउँदो  महीना पहिलो सातामा समाप्त हुनेछ ।

---

## PM Mann ki Baat

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यसै महीना उन्तीस तारीकका दिन एघार बजी आकाशवाणीवाट 'मन की बात' कार्यक्रममा देश विदेशका मानिसहरूसित आफ्नो विचार साझा गर्नुहुनेछ ।

मन की बातको यो एक सय सत्रौं प्रकरण हुनेछ ।

श्रोताहरूले ट्रोलफ्री नम्वर 1800-11-7800 मा कार्यक्रमका लागि सुझाउ पठाउन सक्नेछन् ।

आफ्नो सुझाउ नरेन्द्र मोदी ऐप वा माई (GOV) जीओभी ओपन फोरमद्वारा अनलाइन साझा गर्न सकिनेछ। यस प्रकरणका लागि सुझाउ यसै महीना सत्ताइस तारीकसम्म पठाउन सकिनेछ।